# नलगाड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दल्ली, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**आ.व.२०८०/२०८१ को लागि आन्तरीक आय तर्फको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

दोस्रो पटक प्रकाशित मितिः२०८०/०६/०२

**स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ११ को उपदफा २ को खण्ड घ को उपखण्ड ६ व्यवस्था** भए बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र पर्ने प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन अनुसार **ढुंगा, गिट्टी, बालुवा, रोडा तथा नदीजन्य पदार्थको उत्खनन, विक्री तथा निकासी शुल्क संकलन (खानी क्षेत्र बाहेक)** कार्यको ठेक्का बन्दोबस्तबाट गर्नुपर्ने भएको हुँदा देहाय बमोजिमका खोला/नदीहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पर्दाथ उत्खनन गरी कर्णाली प्रदेश सरकारको आर्थिक विधेयक २०८०/२०८१ को अनुसूची-६ मा **उल्लेखित** प्रति ईकाइ दररेटमा बिक्री गर्ने गरी बढाबढको माध्यमबाट दरभाउ बोलपत्र आव्हान गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति/फर्म वा कम्पनीहरुले फर्म नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ.व.२०७८।०७९ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा उक्त कार्य गर्न योग्य भएको सो घोषणा पत्र सहित तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही उक्त बोलपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | संकलन/उत्खनन् गरिने क्षेत्र/नाका | अधिकतम उत्खनन तथा विक्री परिमाण (घ.फि.) | न्यूनतम ठेक्का अंक रु. ( मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | कै. |
|---|---|---|---|---|---|
| NCB/SQ/NM/01/2080/081 | चिसापानी वैरिताल तल्लो बगर नाका,चिसापानी वैरिताल माथिल्लो बगर नाका,सिम बगर नाका,बगर बस्ति नजिकको बगर नाका,थामाबेत नजिकको बगर नाका,बौलगुर्ता नजिकको बगर नाका,बौलगुर्ता माथिको बगर नाका,कालीमाटी बजार माथिको बगर नाका | १३११७४।८ | १३९५७३६।२ | रु.१००० | |

शर्तहरु :

१। **उल्लेखित ठेक्काको उत्खनन कार्य आ.व.२०८०।०८१ को जेष्ठ मसान्त सम्मको लागि हुनेछ ।**
२। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति २०८०।०६।१७ दिनको १२ बजे कार्यालय भित्र ।
३। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र दर्ता मिति र स्थान २०८०।०६।१७ दिनको १२ः०० बजे सम्म www.bolpatra.gov.np मा दर्ता गराउनुपर्नेछ ।
४। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र खोल्ने मिति २०८०।०६।१७ दिउसो २ः०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनी बोलपत्र खोल्नमा बाधा पर्नेछैन ।
५। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खोल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा सिलबन्दी दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

६। यस्तो अवस्थामा सिलबन्दी दरभाउपत्र र सिलबन्दी दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखी गणना गरिनेछ ।

७। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र साथ जमानत धरौटी (बिडबन्ड) वापत आफुले कबोल गरेको अंकको ५ प्रतिशत दरले हुन आउने धरौटी रकम कम्तिमा ४५ दिन समय म्याद भएको,एन.आईसी एसिया बैंक लिमिटेडमा नलगाड नगरपालिका कार्यालयको नाममा जारी भएको धरौटी खाता नं N५CA०५२२३९५५२४०२ बमोजिमको बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंक बाट यस कार्यालयको नाममा जारी गरिएको सिलबन्दी दरभाउपत्र को मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढी म्याद भएको सक्कल बिडबण्ड बुझाउनुपर्नेछ ।

८। राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र बोलपत्रमा BoQ भर्दा कबोल रकम अंक र अक्षरमा स्पस्ट उल्लेख भएको गर्नुपर्नेछ (यदि अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

९। सिलबन्दी दरभाउपत्र फारम दस्तुर बराबर को रकम नलगाड नगरपालिका कार्यालयको नाममा रहेको एन.आईसी एसिया बैंक लिमिटेडको राजस्व खाता नं २३५२०५००२९१८२००२ मा जम्मा गरी स्क्यान कपी सिस्टममा अपलोड गर्नुपर्ने छ ।

१०।एक फर्मको नाम बाट खरिद गरिएको राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र अर्को फर्मको नाममा प्रयोग गर्न पाइने छैन ।

११।कार्यालयको छाप लागेको र अधिकार प्राप्त व्यक्तिको सही भएको सक्कलै राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र बाहेक अन्य राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र लाई मान्यता दिईने छैन ।

१२।राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्रमा कुनै त्रुटि हुन गएमा त्रुटि सुधार तथा संशोधन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ । कुनै वा सबै राष्ट्रियस्तरको सिलबन्दी दरभाउपत्र,पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१३। राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र दाताले राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।

१४।राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र दर्ता गर्ने फर्महरुले कामको स्तर र कामको विवरण र सिलबन्दी दरभाउपत्र फारमका ठेक्काका शर्तहरु सम्बन्धमा राम्रो संग पढी बुझी राष्ट्रियस्रतको खुला सिलबन्दी दरभाउपत्र भरेको मानिनेछ ।

१५।राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र कर्ताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फाराम साथ पेश गर्नुपर्नेछ ।

१६।म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

१७।राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र सम्पूर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन २०६३ को पहिलो संशोधन सहित सार्वजनिक खरिद नियमावली २०७३ तथा नेपालको संघिय र कर्णाली प्रदेश सरकारका अन्य ऐन नियम कार्यविधि बमोजिम हुनेछ ।

१८।राष्ट्रियस्तरको खुला सिलबन्दी दरभाउपत्र स्विकृत भएमा सो को सूचना पाएको वा कार्यालयमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता वापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंक बाट इजाजत प्राप्त ( फरफरमेन्स बण्ड जारी गर्न सक्ने बैंकहरु) बाट यस कार्यालयको नाममा २०८१ असार मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै ठेक्का कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा,शुल्क वापत जम्मा हुन आउने रकमको नियमानुसार थप १३% भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्नेछ ।

१९।तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का बन्दोवस्तो गरिनेछ ।

२०।गत विगत वर्षमा यस नगरपालिकालाई ठेक्का रकम तिर्न बाँकी बक्यौता रहेको फर्म वा कम्पनीले यो सुचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन ।

२१। यस सम्बन्धी विस्तृत विवरणका लागि नगरपालिकाको वइब साइट www.nalgaadmun.gov.np र www.bolpatra.gov.np /egp मा हेर्न सकिनेछ अथवा नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत